# मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड

## MANUSHI LAGHUBITTA BITTYA SANSTHA LTD

नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय बनेपा–१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक फोन नं.०११-६६२७८५,०११-६६३१२७

इमेलः info@manushilbs.com.np, वेबसाईट https://manushilbs.com


# Unaudited Financial Result (Quarterly)
## As at 3rd Quarter (2081/12/31) of Fiscal Year 2081/82

### Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 31st, Chaitra 2081

Amount in NPR

| Particular | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash equivalent | 123,199,157 | 155,918,872 |
| Statutory Balance and Due from Nepal Rastra Bank | 9,001,113 | 7,348,479 |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and Advances to MFIs and Cooperatives | - | - |
| Loan and Advances to Customers | 1,319,267,582 | 1,298,456,816 |
| Investment Securities | 2,000,000 | - |
| Current Tax Assets | 6,,473,303 | 7,005,993 |
| Investment Property | - | |
| Property and Equipment | 5,431,940 | 26,511,893 |
| Goodwill and Intangible Assets | 411,105 | 469,756 |
| Right of Use Assets | 7,183,845 | 6,434,782 |
| Deferred Tax Assets | 4,191,262 | 3,709,405 |
| Other Assets | 13,725,404 | 61,087,618 |
| **Total Assets** | **1,490,884,712** | **1,566,943,614** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 236,857,970 | 251,311,682 |
| Due to Nepal Rastra Bank | | |
| Derivative Financial Instruments | | |
| Deposits From Customers | 1,080,645,130 | 968,860,140 |
| Borrowing | | |
| Current Tax Liabilities | - | |
| Provisions | - | |
| Deferred Tax Liabilities | - | |
| Other Liabilities | 30,650,111 | 211,134,410 |
| Lease Liabilities | 8,273,866 | 6,743,213 |
| Debt Securities Issued | | |
| Subordinated Liabilities | | |
| **Total Liabilities** | **1,356,427,077** | **1,438,049,445** |
| **Equity** | | |
| Share Capital | 109,375,000 | 109,375,000 |
| Share Premium | - | |
| Retained Earning | -22,828,320 | -12,980,647 |
| Reserves | 47,910,955 | 32,499,816 |
| **Total Equity** | **134,457,634** | **128,894,169** |
| **Total Liabilities and Equity** | **1,490,884,712** | **1,566,943,614** |

### Condensed Statement of Profit or Loss
For the Quarter Ended 31st Chaitra 2081

Amount in NPR

| Particulars | Current Year | | Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter (YTD) |
| Interest Income | 45,945,910 | 147,847,299 | 44,608,578 | 138,121,291 |
| Interest Expense | 25,949,890 | 77,050,740 | 26,661,822 | 85,952,029 |
| **Net Interest Income** | **19,996,020** | **70,796,559** | **17,946,756** | **52,169,262** |
| Fees and Commission Income | 4,351,300 | 11,987,760 | 274,416 | 575,655 |
| Fees and Commission Expense | 0 | 0 | 217 | 10,099 |
| **Net Fee and Commission Income** | **4,351,300** | **11,987,760** | **274,199** | **565,556** |
| **Net Interest, Fee and Commission Income** | **24,347,320** | **82,784,319** | **18,220,955** | **52,734,818** |
| Net Trading Income | 0 | 0 | | |
| Other Operating Income | 2,079,930 | 4,390,420 | 6,944,398 | 19,581,624 |
| **Total Operating Income** | **26,427,250** | **87,174,739** | **25,165,353** | **72,316,442** |
| Impairment Charge/(reversal) for loans and Other Losses | -15,050,690 | 1,156,180 | -4,129,797 | 11,108,125 |
| **Net Operating Income** | **41,477,940** | **86,018,559** | **29,295,150** | **61,208,317** |
| **Operating Expense** | 29,557,647 | 72,688,381 | 18,710,467 | 68,582,050 |
| Personnel Expenses | 24,950,247 | 59,269,291 | 13,571,334 | 54,320,998 |
| Other Operating Expenses | 4,607,400 | 13,419,090 | 5,139,133 | 14,261,052 |
| Depreciation and Amortization | 0 | 0 | | |
| **Operating Profit** | **11,920,293** | **13,330,178** | **10,584,683** | **-7,373,733** |
| Non Operating Income | 0 | 0 | 0 | 173,143 |
| Non Operating Expenses | 0 | 0 | 0 | 0 |
| **Profit before Income Tax** | **11,920,293** | **13,330,178** | **10,584,683** | **-7,200,590** |
| Income Tax Expenses | 3,576,088 | 3,999,053 | 0 | 0 |
| Current Tax | 3,576,088 | 3,999,053 | 0 | 0 |
| Deferred Tax | 0 | 0 | 0 | 0 |
| **Profit for the Year** | **8,344,205** | **9,331,124** | **10,584,683** | **-7,200,590** |

### Condensed Statement of Comprehensive Income
For the Quarter Ended 31st Chaitra 2081

Amount in NPR

| Particulars | Current Year | | Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter (YTD) |
| Profit For the Period | 8,344,205 | 9,331,124 | 9,331,124 | -7,200,590 |
| **Other Comprehensive Income** | **-1,971,857** | **-1,971,857** | **-2,391,778** | **-2,391,778** |
| Actuarial Gain/Loss on defined benefit plan | **-2,816,939** | **-2,816,939** | **-3,416,826** | **-3,416,826** |
| Income tax relating to above items | 845,082 | 845,082 | 1,025,048 | 1,025,048 |
| Total Comprehensive Income for the period | 6,372,348 | 7,359,267 | 6,939,346 | -9,592,368 |
| Earning Per Share | | | | |
| Basic Earning Per Share | | 11.38 | | -8.78 |
| Diluted Earning Per Share | | 11.38 | | -8.78 |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter |
| Capital Fund to RWA | | 8.35% | | 8.06% |
| Non Perfoming Loan (NPL) to total Loan | | 6.35% | | 8.44% |
| Total Loan Loss Provision to NPL | | 138.06% | | 112.74 |
| Cost of Fund | | 8.26% | | 8.90% |
| Base Rate | | 15.49% | | 16.21% |

### Statement of Distributable Profit or Loss
For the Quarter Ended 31st Chaitra 2081

| Particular | Amount in NPR |
|---|---|
| **Opening Retain Earning As on 2081.04.01** | **-23,091,240** |
| **Net Profit or Loss as per Statement of Profit or Loss** | **9,331,124** |
| 1. Appropriation | 2,052,847 |
| a. General Reserve | 1,866,225 |
| b. Client Protection Fund | 93,311 |
| c. Corporate Social Responsibility Fund | 93,311 |
| **Profit or (Loss) before Regulatory adjustment** | **7,278,277** |
| **Regulatory Adjustment** | **7,015,358** |
| Transferred to Regulatory Reserve | 7,015,358 |
| **Total Distributable Profit or Loss as on quarter ended Chaitra 2081** | **-22,828,320** |

**Notes to Interim Financial Statement:**

1. The Interim Financial Statements have been prepared in accordance with Nepal Financial Reporting as issued by the Accounting Standard Board, Nepal and Carve out issued by ICAN.
2. Loan and advances are presented net of impairment charges and include accrued interest.
3. The Unaudited Financial Figures may Change if directed by Statutory Auditor/Supervisory Authorities
4. The financial Statement has been updated in company's website :-https://www.manushilbs.com

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक प्रतिवेदन (२०८१/१२/३१)

१. **वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी विवरणः** यसैसाथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ११.३८ | १५२.३४ | १२२.९३ | १३६३ | ११.६७ |

२. **व्यवस्थापकीय विश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरणः** त्रैमासिक अवधिमा संस्थाको प्रति शेयर आम्दानी सकारात्मक रहेको छ। कर्जा लगानी पछिल्लो त्रैमासको तुलनामा १.०१% ले वृद्धि भएको छ भने बचत ३.०६% ले वृद्धि भएको छ। ऋणी सदस्य भने पछिल्लो त्रैमासको तुलनामा ०.८८% ले घटेको देखिन्छ । आगामी दिनहरुमा सदस्यहरुलाई उद्यम विकास कार्यक्रम अन्तर्गत व्यावसायिक सीप तालिम प्रदान गरी सदस्यहरुलाई उद्यमी बन्न उत्प्रेरित गरी ऋणी सदस्य विस्तारमा जोड दिईनेछ।

**ख. आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः** वित्तीय संस्थाले हाल १४ वटा जिल्लाहरुमा रहेका ३६ वटा शाखा कार्यालयहरु मार्फत ३४,१५१ जना सदस्यहरुबाट जम्मा रू. १,०८०,६४५,१३० बचत संकलन गरेको छ भने १६,९५६ जना सदस्यहरुमा कृषि, व्यापार, साना तथा घरेलु उद्योग, सेवा व्यवसाय लगायत विभिन्न क्षेत्रहरुमा कर्जा प्रवाह गरी कुल रू. १,४१८,९१४,८०३ कर्जा लगानीमा रहिरहेको छ। बचत तथा कर्जा सुविधाका अतिरिक्त संस्थाले आफ्नो ग्राहक संरक्षण कार्यक्रम अन्तर्गत सदस्यहरुमा सुत्केरी सुविधा, उद्यम विकास तालिम तथा गोष्ठी, राहत वितरण आदी जस्ता कार्यक्रमहरु समेत गरिरहेको छ। संस्थाले आगामी दिनहरुमा पनि सदस्यहरुलाई प्रदान गर्दै आईरहेको सेवालाई निरन्तरता दिँदै वित्तीय पहुँच नपुगेका विपन्न तथा पिछडीएका समुदायहरुलाई लघुवित्त सेवा प्रदान गरी गरिबी तथा बेरोजगारीलाई न्यूनीकरण गर्न ठोस् योगदान पुऱ्याउने र ग्राहकवर्गमा दिगो तथा ग्राहकमैत्री लघुवित्त सेवा प्रदान गर्न प्रतिवद्ध रहेको छ ।

**ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः** त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तारमा केहि सुधार आएको देखिन्छ । सदस्यहरुबाट कर्जाको मागमा वृद्धिसँगै संस्थाको कर्जा लगानी वृद्धिदर सकारात्मक रहेको देखिन्छ। तथाकथित् रुपमा गठन भएका लघुवित्त संस्था विरुद्धको संघर्ष समिति तथा लघुवित्त संस्थाहरु विरुद्ध गलत अभिव्यक्तिहरु दिने, किस्ता नतिर्नका लागि ऋणीहरुलाई भड्काउने तथा दवाव दिने, ऋण/ब्याज मिनाहा हुन्छ भन्दै ऋणी सदस्यहरुमा झुट्ठा प्रचारबाजी गरी भ्रमित गर्ने, कर्मचारीहरुलाई केन्द्र सञ्चालन तथा किस्ता असुली नगर्नका लागि धम्क्याउने तथा हातपात गर्ने जस्ता कियाकलापका कारण संस्थाको कारोबार र लघुवित्त क्षेत्रमा गम्भिर असर परेको देखिन्छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

**क**. त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन ।

**ख**. वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

**ग**. कुनै संस्थापक वा संस्थापकले वा संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

**क**. धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी रहेको छैन ।

**ख**. यस त्रैमासको शेयर कारोबार सम्बन्धी विवरणः

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कूल शेयर कारोबार कित्ता |
|---|---|---|---|---|---|
| २४०० | १६६६.२० | १७३३.६० | ५६ | ६२६८ | २७८९८२ |

५. **समस्या तथा चुनौती :**

लघुवित्त क्षेत्रमा अवैधानिक क्रियाकलाप गरिरहेको लघुवित्त विरुद्धको संघर्ष समितिले नेपालको लघुवित्त क्षेत्रमा गम्भिर प्रभाव पारिरहेकोमा यस वित्तीय संस्था पनि त्यसबाट अछुतो रहन सकेको छैन। लघुवित्त क्षेत्रमा देखिएको सदस्य/कर्जामा दोहोरोपना, बहु बैंकिङ्ग, तरलता संकट, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध विपन्न वर्ग कर्जाको व्याजदर अपेक्षाकृत रुपमा नघटेको, नियमनकारी निकायहरुबाट हुने नीतिगत परिवर्तनबाट सृजना हुन सक्ने असर आदि वित्तीय संस्थाको समस्या तथा चुनौतीहरु हुन् । वित्तीय संस्थामा रहेका दक्ष तथा अनुभवी जनशक्तिको उचित व्यवस्थापन गरी कर्मचारीहरुलाई समय सापेक्ष तालिम प्रदान गरिएको, समयानुकुल व्यावसायिक रणनीतिहरु तयार गरिएको तथा वित्तीय संस्थाको सेवामा विविधिकरण गरी वित्तीय संस्थाको समस्या तथा चुनौतीलाई समाधान गर्ने प्रयत्न गरिएको छ ।

६. **संस्थागत सुशासन :**

यस वित्तीय संस्था संस्थागत सुशासन कायम गर्न सदैव प्रतिवद्ध रहेको छ । संस्थागत सुशासनमा ध्यान दिदै संस्थाले अन्य विषयहरुका अतिरिक्त देहाय अनुसारका कदमहरुको समेत अवलम्बन गरेको छ ।

**क**. यस संस्थाको संचालक समिति, व्यवस्थापन, सेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन, कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, नियम तथा कार्यविधिहरु तर्जुमा गर्ने तथा आवश्यकता अनुसार संशोधन गर्ने गरेको र उक्त नीति तथा निर्देशनहरुलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

**ख**. संस्थाले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त राख्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा अन्य आवश्यक समिति, उपसमितिहरुको गठन गरेको छ । उक्त समिति तथा उपसमितिहरुको नियमित रुपमा बैठक बसी काम गर्ने क्रममा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा व्यवस्थापनलाई आवश्यक निर्देशनहरु दिने गरेको छ ।

**ग**. केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुको लेखा तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तथा चुस्त दुरुस्त बनाई राख्न शाखाहरुमा त्रैमासिक रुपमा सुपरिवेक्षण तथा अर्धवार्षिक रुपमा आन्तरिक लेखापरिक्षण हुँदै आईरहेको छ। सुपरिवेक्षण तथा लेखापरीक्षणले औल्याएका कमी कमजोरीहरुलाई यथाशिघ्र सुधार गरिएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्‌घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्‌घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।